**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ १३ गते शनिबार ❑ 29 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## भोटेकोसी बाढी: एक प्रहरीसहित ५४७ जनाको शव फेला

**रासस**
काठमाडौं, १२ भदौं

रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ५४७ पुगेको छ। विभिन्न जिल्लाबाट अहिलेसम्म एक जना प्रहरीसहित ५४७ जनाको शव फेला परेको नेपाल प्रहरीको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४०, तनहुँमा २९, नुवाकोटमा ३८, गोरखामा ४४, चितवनमा २२१, नवलपरासीपूर्वमा १३४ र नवलपरासी पश्चिममा २८ जनाको शव फेला परेको छ। नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म एक हजार ४७३ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये रसुवाबाट ५७२, नुवाकोटबाट ८९८ र धादिङबाट तीन जना रहेका उहाँले जानकारी दिनुभयो।

बाढीमा परी घाइते भएकालाई विभिन्न स्थानबाट उद्धार गरी केहीलाई उपचारका लागि काठमाडौँ ल्याइएको छ। प्रहरीका अनुसार काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म ९४ जना रहेका छन्। बाढीपछि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, भन्सार कार्यालय तथा अध्यागमन कार्यालयका कर्मचारीसमेत सम्पर्कविहीन भएका छन्। प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालय टिमुरेका १५ र अध्यागमन कार्यालय टिमुरेका चार कर्मचारी हालसम्म सम्पर्कविहीन छन्। बाढीमा परी सर्वसाधारणसहित हालसम्म दुई हजार ३८१ जना सम्पर्कविहीन रहेका प्रहरीले जनाएको छ। बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धारकार्य जारी राखेका छन्। यसैगरी मकवानपुरबाट ६६ जना तथा ५१७ जना विदेशी नागरिक सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ। नेपाल घुम्न आएका विदेशमा बस्ने १२७ जना नेपाली समेत सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार बाढीबाट ७३ जना घाइते भएका छन्। घाइतेमध्ये रसुवाका ४३, धादिङका तीन र नुवाकोटका २७ जना रहेका छन्।

## पोखरामा शव पहिचान र परीक्षण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं



पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भोटेकोशीको बाढीमा ज्यान गुमाएकाहरूको शव पहिचान तथा परीक्षणको काम सुरु भएको छ।

नवलपुर, गोरखा, धादिङ र तनहुँमा भेटिएका ९३ शव यस अस्पतालमा राखिएको छ। नौ वटा मणिपाल शिक्षण अस्पतालमा छन्। शव पहिचानका लागि आफन्तलाई स्क्रिनमा तस्बिर हेर्ने व्यवस्था मिलाइएको छ। बाढीमा बेपत्ता भएकाका आफन्तहरू अस्पतालमा पुगेर शव पहिचान गर्ने प्रयासमा छन्।

जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी उपरीक्षक नवीन कार्कीका अनुसार शव परीक्षण गरी पहिचान भएका शव आफन्तलाई बुझाइनेछ। पहिचान हुन नसकेका शवको 'डिनए' परीक्षणका लागि नमुना काठमाडौँ पठाइने उहाँको भनाइ छ। "शवको तस्बिर आफन्तलाई हेर्ने व्यवस्था मिलाएका छौँ", आफन्तले पहिचान गरेपछि कानुनी प्रकृया पूरा गरेर शव बुझाउँछौँ", प्रहरी उपरीक्षक कार्कीले भन्नुभयो, "शव हिलाम्मे भएकाले सफा गरेर मात्र परीक्षण गर्नुपर्ने अवस्था छ।"

पहिचान हुन नसकी बेवारिसे बनेका शवलाई बेवारिसे शव व्यवस्थापन निर्देशिका अनुसार व्यवस्थापनको काम हुने उहाँले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी कुमानसिँह गुरुङले शव व्यवस्थापनका लागि पोखराका अन्य अस्पतालसँग पनि समन्वय भइरहेको बताउनुभयो। "शव पहिचान तथा व्यवस्थापनका लागि काम सुरु भइसकेको छ", प्रजिअ गुरुङले भन्नुभयो, "शवको सङ्ख्या धेरै भएकाले पहिचान गरी आफन्तलाई बुझाउन केही दिन लाग्न सक्छ।" त्रिशुली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्न स्थान अभाव भएपछि पोखरा ल्याइएको हो। नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट १४ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको प्रजिअ गुरुङले बताउनुभयो।

## जनैपूर्णिमामा मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १२ भदौं



जनपूर्णिमाको अर्थात् रक्षाबन्धनको अवसरमा शुक्रबार मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको छ।

मुक्तिनाथ मन्दिरमा जनैपूर्णिमाको शुभदिन पारेर रक्षाबन्धन गर्ने, बत्ती बाल्ने र दर्शन गर्नेको उल्लेख्य उपस्थिति रहेको मुक्तिनाथ विकास समितिले जनाएको छ। जनपूर्णिमाको दिन बर्खायामपछि पहिलोपटक दर्शनार्थीको बाक्लो उपस्थिति भएको समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिनुभयो। जनैपूर्णिमा हिन्दू धर्मावलम्बीको बर्खायामपछि पहिलो पर्व भएकाले मुक्तिनाथको दर्शन तथा रक्षाबन्धन गर्न जिल्लास्थित कर्मचारी तथा स्थानीय नागरिकसहित विभिन्न जिल्लाका आगन्तुक यहाँ पुग्नुभएको उहाँले बताउनुभयो।

मुक्तिनाथ मन्दिरमा आएका दर्शनार्थीले मुक्तिनाथको दर्शन गर्नुका साथै मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीसँग रक्षाबन्धन गरी टीका र प्रसाद ग्रहण गरेका छन्। बौद्धमार्गीले पनि मुक्तिनाथको दर्शन गर्नुका साथै मन्दिर नजिकै रहेको ज्वालामाई गुम्बामा बत्ती बालेर धार्मिक आस्था प्रकट गरेका छन्।

समितिका व्यवस्थापक भुसालले आज मुस्ताङका साथै छिमेकी जिल्लाका धार्मिक पर्यटक तथा भारतीय दर्शनार्थीले मन्दिर परिसरको दर्शन गरेका बताउनुभयो। शुक्रबार बिहान मन्दिर परिसर भक्तजनले भरिएको थियो।

मुस्ताङको घरपझोङ गाउँपालिका-३ स्याङ गाउँकी स्थानीय सीता थकालीले जनपूर्णिमाका दिन मुक्तिनाथको दर्शन गरी गुम्बामा बत्ती बाल्न यहाँ आइपुगेको बताउनुभयो। जनैपूर्णिमा शुभदिनमा आज ६० प्रतिशत स्थानीय र ४० प्रतिशत भारतीय तथा बेँसीबाट आएका दर्शनार्थीले मुक्तिनाथको दर्शन गरेका मुक्तिनाथ विकास समितिले जनाएको छ।

## भोटेकोशी बाढी प्रभावितको उद्धार र पुन:स्थापनामा गण्डकीको चार करोड

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

भोटेकोशी बाढीपीडितको सहयोगार्थ गण्डकी प्रदेश सरकारले रु चार करोड प्रदान गर्ने भएको छ।

शनिबार एक विज्ञप्ति निकालेर मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा उक्त रकम दाखिला गर्ने निर्णय भएको जनाउनुभएको हो।

मुख्यमन्त्रीले बाढीपछि सम्पर्कविहीनभएकानागरिकहरूको खोजी तथा अवस्थाबारे जानकारी लिन र भेटिएका शवहरुको उचित व्यवस्थापनका लागि प्रदेश सरकारबाट सम्बन्धित निकायसँग समन्वय भइरहेको बताउनुभएको छ। 'सम्पर्कविहीनको खोजी, जोखिममा रहेकाको उद्धार, घाइतेको उपचार, प्रभावित तथा आश्रयविहीनका लागि सुरक्षित आश्रय, खानपान र आवश्यक राहतको व्यवस्था गर्न सम्बन्धित सबै निकायलाई प्रभावकारी रूपमा परिचालित हुन आग्रह गर्दछु', विज्ञप्तिमा भनिएको छ।


## कर तिर्ने संस्कृतिको विकास गरौं

◆ कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
◆ प्रत्येक खरिद–बिक्रीमा अनिवार्य रूपमा बिल–बिजक लिऔं र दिऔं,
◆ कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
◆ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
◆ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
◆ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
◆ करबाट संकलित राजस्व राष्ट्को विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं। कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


## रवीन्द्र ढाँट रोड टू यूएफसी सिजन-५ को फाइनलमा



**रासस**
काठमाडौं, १२ भदौं

नेपाली मिक्स मार्सल आर्ट्स (एमएमए) फाइटर रवीन्द्र ढाँट रोड टू यूएफसी सिजन-५ को फाइनल पुग्न सफल भएका छन्।

शुक्रबार भएको सेमिफाइनल खेलमा न्युजिल्याण्डका कासिब मोर्डोचलाई हराउँदै उनी फाइनल पुग्न सफल भएका हुन्। उनी अन्तिम चरणमा सानदार कमब्याक गर्दै फाइनल पुग्न सफल भएका हुन्। तीन राउण्डको खेलमा रेफ्रीको डिसिजनको आधारमा रवीन्द्र विजयी भए।

उनले अब फाइनलमा जापानका रियो ताजिमासँग प्रतिस्पर्धा गर्ने छन्।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# जनै बनाउने सीपको पुस्तान्तरणसँगै श्रावणी स्नानको मौलिकता जोगाउने प्रयास

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

आधुनिकताका नाममा हाम्रा विभिन्न संस्कार र संस्कृति हराउँदै गएका अवस्थामा पोखरा महानगरपालिका-३२ का ज्येष्ठ नागरिक भने वैदिक संस्कार र संस्कृतिलाई पुस्तान्तरणसँगै त्यसको मौलिकता जोगाउने अभियानमा क्रियाशील बनेका छन् ।

विगत दुई महिनायता पृथ्वीराजमार्गअन्तर्गत पोखरा-३२ तल्लो गगनगौँडाको गोगन मावि नजिकै रहेको पुरानो गाउँको चौतारामा जनै बनाउन सिक्ने र सिकाउने अभियान सञ्चालन गरिहेका यहाँका ज्येष्ठ नागरिकले आज वैदिक महत्वको श्रावणी स्नान संयुक्त रुपमा गरेका छन् । श्रावणी स्नानमा ज्येष्ठ नागरिकसँगै युवाको पनि सहभागिता रहेको ८१ वर्षीय कृष्णप्रसाद अधिकारीले बताउनुभयो ।

हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिन गरिने श्रावणी स्नान पछिल्ला पुस्ताका लागि एकादेशको कथा जस्तै बन्ने अवस्थामा पुगेको बताउँदै उहाँले यसको मौलिकता जोगाउनका लागि आफूहरूले तल्लो गगनगौँडाबाट प्रयास थालेको बताउनुभयो । शास्त्रीय विधानमा श्रावण शुक्ल पूर्णिमाका दिन ब्राह्मण, क्षत्री र वैश्य गरी तीन वर्णका तागाधारीले जनै फेर्नुपर्ने उल्लेखसँगै यो संस्कार प्राचीनकालदेखि प्रचलनमा आएको छ ।

तागाधारीहरूले जनैपूर्णिमाका दिन बिहानै पोखरी, ताल, तलाउ, नदी र कुण्डमा गई गाईको गोबर, खरानी, दत्तिउन र सप्तमृत्तिका लगाएर स्नान गर्दछन् । यसलाई श्रावणी स्नानका रुपमा लिइने अधिकारीले जानकारी दिनुभयो । श्रावणी स्नानको महत्वसँगै यसको प्रचलनलाई युवा पुस्तामा पनि पुगोस् भन्ने हेतुले तल्लो गगनगौँडामा आफूहरूले श्रावणी स्नान सुरु गरेको उहाँले जानकारी दिनुभयो ।

अर्का स्थानीयवासी घनश्याम खनालले आफूले आठ वर्ष अघि गैँडाकोटमा श्रावणी स्नान गरेको अनुभव बताउँदै मौलिक परम्परालाई स्थानीय रुपमा पनि सञ्चालन गर्ने उद्देश्यका साथ तल्लो गगनगौँडामा यो जमर्को गरिएको बताउनुभयो । वैदिक विधिअनुसार जनैपूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षाबन्धन बाँध्ने गर्दछन् । गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको रक्षाबन्धन धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वासले पनि यसको विशिष्ट महत्व रहिआएको उहाँले जानकारी दिनुभयो । विधिपूर्वक गरिने यो स्नानको आफ्नै विशिष्ट मौलिकता रहेको बताउनुहुने गोविन्द कोइराला हाम्रा संस्कार र संस्कृतिलाई पुस्तान्तरण गर्नु अपरिहार्य भएको धारणा राख्नुभयो ।

"पुस्तान्तरण नहुने हो भने हाम्रा संस्कार संस्कृति पनि क्रमशः लोप हुँदै जान्छन्", खनालले भन्नुभयो, "हाम्रा संस्कृतिसँग युवापुस्तालाई पनि सँगसँगै जोडेर लैजानुपर्ने आवश्यकता रहिआएको छ ।"

श्रावणी स्नान गरेपछि जौ, तिल र कुशद्वारा ऋषिहरुलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवीत) लगाउने गरिन्छ । अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि, वशिष्ठ र अगस्त्य गरी आठ ऋषिलाई पूजा एवं तर्पण गर्ने भएकाले जनैपूर्णिमाको दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको गुरुप्रसाद पौडेलले बताउनुभयो ।

श्रावणी स्नानसँगै आफूहरू विगतका वर्षदेखि नै वैदिक जनै बनाउने अभियानलाई पनि निरन्तरता दिएको ८१ वर्षीय अधिकारीले जानकारी दिनुभयो । आफूहरूले विगत दुई महिनायता पुरानो गाउँको चौतारामा जम्मा भएर जनै बनाउने गरेको अनुभव बताउँदै उहाँले यस अवधिमा जनै बनाउन इच्छा गर्नेलाई सीप पनि सिकाएको बताउनुभयो ।

नियमपूर्वक बाटिएका जनै जनैपूर्णिमाको दिन विधिपूर्वक संस्कार गरेपछि मात्रै लगाइने बताउँदै अधिकारीले जनै बनाउने सीप राम्रोसँग बुझ्न र सिक्न भने समय लाग्ने बताउनुभयो । आफूहरूले जनै बनाएर बेच्नेभन्दा पनि यसबारे ज्ञानसीप नयाँ पुस्तामा पुगोस् भन्ने नै रहेको उहाँको भनाइ छ । अधिकारीका अनुसार नियमपूर्वक जनै बनाउन त्यति सजिलो छैन । जनै बनाउन सुरुमा काँचो धागोलाई सानो चर्खाको सहायताले सँगालिन्छ । सँगाल्नका लागि कतुवाको प्रयोग हुने बताउँदै उनले काँचो धागो बाटेपछि जनैको डोरा तयार गरिने बताउनुभयो । यसरी बनेका डोरालाई तीनपटकसम्म पट्याएपछि त्यसमा शिखा पारिने र जसलाई 'ब्रह्म ग्रन्थी' भनिने उहाँले जानकारी दिनुभयो ।

अर्का ज्येष्ठ नागरिक कोइरालाका अनुसार नियमपूर्वक बनाएर संस्कार गरिएका जनै मात्रै लगाउनुपर्ने र त्यसको आफैँमा विशिष्ट सांस्कृतिक महत्व रहेको छ । जनै बनाउने सीपसँगै यससँग जोडिएको श्रावणी स्नानको मौलिकतालाई जोगाउँदै यसको पुस्तान्तरण गर्ने अभियानमा आफूहरू लागेको उहाँको भनाइ छ ।

# ज्ञानकी खानी अदिती इन्टरयाक्ट लेकसाइडको अध्यक्ष

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं



सानै उमेरदेखि किताबसँग मित्रता गाँसेकी अदिती पराजुलीका लागि अक्षर केवल पढ्ने विषय होइन, जीवन बुझ्ने माध्यम बनेका छन् । किताबका पानामा रमाउने, नयाँ कुरा जान्न उत्सुक रहने र आफूले सिकेको ज्ञानलाई व्यवहारमा उतार्ने उनको बानीले उनलाई बाल्यकालदेखि नै अरूभन्दा फरक बनाउँदै आएको छ ।

पढाइसँगै अतिरिक्त तथा सिर्जनात्मक गतिविधिमा पनि अदितीको सक्रिय सहभागिता रहँदै आएको छ । विभिन्न प्रतियोगिता तथा कार्यक्रमहरूमा उत्साहपूर्वक सहभागी हुने र उत्कृष्ट प्रदर्शन गर्दै पुरस्कारसमेत हात पार्ने उनको क्षमता सानैदेखि देखिँदै आएको हो । पढाइ होस् वा अतिरिक्त क्रियाकलाप– अदिती जहाँ पुग्छिन्, त्यहाँ आफ्नो प्रतिभाको छाप छाड्न सफल भइ पुरस्कार लिएर घर फर्किन्छीन् । उनको मेहनत र लगनको सुन्दर परिणाम एसइई परीक्षामा पनि देखियो । अदितीले एसइईमा ४ जिपिए हासिल गर्दै आफ्नो शैक्षिक यात्रामा उत्कृष्ट सफलता थपिन् साथमा मदरल्याण्ड माविवाट उत्कृष्ट अंक ल्याइ दश जोड दुइ उर्तिण गरिन । यो उपलब्धि उनका लागि मात्र होइन, परिवार, विद्यालय र आफूलाई हुर्काएको समाजका लागि पनि गौरवको विषय बन्यो । अदिती पढाइमा मात्र अब्बल छैनन्, बोल्ने कलामा पनि उत्तिकै निपुण छिन् । उनको बोलीमा आत्मविश्वास छ, प्रस्तुतिमा मिठास छ र विचारमा स्पष्टता छ । उनी बोल्दा लाग्छ कहिले मधुर स्वरमा गुञ्जिने मैना चरीझैँ, कहिले गहिरो भाव बोकेको कोइलीको स्वरझैँ । उनका शब्दमा ज्ञानको सुगन्ध र सिकाइको उज्यालो भेटिन्छ । त्यसैले उनलाई नजिकबाट चिन्नेहरू अदितीलाई केवल प्रतिभाशाली विद्यार्थी होइन, ज्ञानकी खानीका रूपमा चित्रण गर्छन् । पढाइ, व्यक्तित्व विकास र सामाजिक सहभागिताको यही यात्राले अदितीलाई नेतृत्वको बाटोतर्फ पनि अघि बढाएको छ। इन्टर्याक्ट क्लब अफ पोखरा लेकसाइडको छैटौं पदस्थापन समारोहबाट अध्यक्ष पदको जिम्मेवारी सम्हाल्दै उनले आफ्नो नेतृत्व यात्राको नयाँ अध्याय सुरु गरेकी छन् ।

हालै सम्पन्न भएको पदस्थापनावाट निवर्तमान अध्यक्षमा निर्देश वाँस्तोला उपसभापति अंशु पहारी, सचिवमा आदित्य खत्री, सहसचिवमा सताव्दी पराजुली, कोषाध्यक्षमा रानेश केसी, सम्पादकमा विदान पराजुली, चयन भएका छन् ।

त्यसैगरी सह सम्पादकमा सोआन्सु पराजुली, क्लव मेम्वरसिप चियरमा दिक्षान्त पराजुली, एभिनयु हेडमा साद्रिस पौडेल, क्लव सर्भिस निर्देशकमा इक्षा थापा, कम्युनिटी सर्भिस निर्देशकमा आर्नव नागिला, प्रोफेसनल सर्भिस निर्देशकमा अनन्नाय केसी, अन्तराष्ट्रिय सर्भिस निर्देशक द्धयमा ब्रविम सुवेदी, सिदार्थ पौडेल, पव्लिक इमेज निर्देशकमा जोसिला अधिकारी, पव्लिक इमेज अफिसरमा सदिक्षा पराजुली, मिडिया हेडमा अर्पण लम्साल, आइटी हेडमा इमोन पुन, आइटि अफिसरमा शिशिर श्रेष्ठ र सर्जेन्ट एट आम्समा रिजन पौडेल रहेका छन् ।

डिआइआर सक्षम बानियाँले कार्यक्रमको उद्घाटन गरेका थिए । इन्टरयाक्ट क्लव अफ पोखरा लेकसाइडका निवर्तमान अध्यक्ष निर्देश वाँस्तोलाले आफ्नो कार्यकालमा सम्पन्न भएको कार्यक्रमको जानकारी दिएका थिए भने अध्यक्ष पराजुलीले आफ्नो कार्यकालको भावी योजनाहरु प्रस्तुत गरिन् । त्यसैगरी अध्यक्ष अदितीको परिचय साहित्यमय लयमा रोटरी क्लव अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष शोभाकान्त सिग्देलले दिए । कार्यक्रममा डिआआर गौरव सुवेदी र एजि देवेन्द्र पराजुली लगायतले वोलेका थिए। कार्यक्रम संचालन क्लवका सचिव आदित्य खत्री र सहसचिव सत्यवती पराजुलीले संचालन गरेको कार्यक्रममा सवैलाई मन्त्रमुग्ध पारेका थिए ।

# अकबरे खुर्सानी खेतीको प्रवर्द्धन गर्दै भीरकोट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १२ भदौं




स्याङ्जाको भीरकोट नगरपालिकाले स्थानीय कृषकको आयआर्जन वृद्धि गर्ने उद्देश्यले अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ ।

स्वादसँगै स्वास्थ्यका दृष्टिले समेत महत्वपूर्ण मानिएको अकबरे खुर्सानीको व्यावसायिक उत्पादन र उत्पादकत्व विस्तार गर्न नगरपालिकाले कृषकलाई अनुदान, प्राविधिक सहयोग, तालिम, बीउ तथा मलखाद उपलब्ध गराउँदै आएको छ । स्थानीयस्तरमा अकबरे खुर्सानी अर्थात् डल्ले खुर्सानीको उत्पादन बढाएर कृषकलाई नगदे बालीतर्फ आकर्षित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाका प्रमुख गोविन्द कुमार कर्माचार्यले बताए ।

गत आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा नगरपालिकाले हेफर परियोजनासँग सहकार्य गर्दै कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्मलाई आवश्यक सहयोग दिएर खुर्सानी खेती विस्तार र प्रवर्द्धन गरेको हो । प्राविधिक मूल्यांकनका आधारमा समूह, सहकारी तथा फार्म छनोट गरी नगरपालिकाका नौवटै वडामा कार्यक्रम सञ्चालन गरिएको छ । छनोटमा परेका कृषकलाई खेतीबारे प्राविधिक सहयोग तथा तालिमसँगै बीउबिजन, मलखाद र आवश्यक अनुदानसमेत उपलब्ध गराइएको छ । कार्यक्रमअन्तर्गत कृषकले उत्पादन गरेका खुर्सानी बजारमा समेत पठाउन थालिएको छ ।

पहिलो चरणमा धण्डै दुई क्विन्टल खुर्सानी बुटवल आसपासका विभिन्न शहरमा निर्यात गरिएको छ । कृषकले प्रतिकिलो दुई सय रुपैयाँका दरले खुर्सानीको मूल्य प्राप्त गरेका छन् । खुर्सानीको उत्पादन सुरु भएसँगै नगरपालिकाले कृषकबाट उत्पादित खुर्सानी संकलन गरी बजार पठाउने व्यवस्था मिलाएको छ । हप्ताको दुई पटक खुर्सानी संकलन गरी बाह्य बजारमा पठाउने गरिएको छ ।

उत्पादनपछि बजार पठाउँदासम्म कृषकले झेल्दै आएको समस्या समाधान भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका सबै वडामा गरी झण्डै ५० रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी खेती गरिएको छ । हेफर परियोजना प्रमुख पिताम्बर बस्यालका अनुसार चालु सिजनमा तीन सय क्विन्टलभन्दा बढी खुर्सानी उत्पादन हुने अनुमान गरिएको छ । उत्पादन बढ्दै गएपछि बजार व्यवस्थापन र कृषकलाई उचित मूल्य दिलाउनेतर्फ समेत ध्यान दिइएको उनले बताए । पछिल्लो समय देशका विभिन्न शहर तथा बाह्य बजारमा अकबरे खुर्सानीको माग बढ्दै गएसँगै व्यावसायिक खेतीबाट कृषकले राम्रो आम्दानी लिन सक्ने नगरपालिकाले जनाएको छ। खुर्सानी खेतीका लागि ठूलो क्षेत्रफल आवश्यक नपर्ने हुँदा साना तथा सीमान्तकृत कृषकले व्यावसायिक रुपमा उत्पादन थालेका छन् । थोरै क्षेत्रफलमा समेत राम्रो उत्पादन लिन सकिने र बजारमा मूल्य स्थिर र उच्च रहेकाले कृषकलाई नियमित आम्दानीको आधार बन्न सहयोग पुग्ने विश्वास गरिएको छ । अकबरे खुर्सानीलाई कृषि आधुनिकीकरण र नगदे बाली प्रवर्द्धनसँग जोडेर नगरपालिकाले आवश्यक रणनीति बनाएको जनाइएको छ ।

सामान्य खुर्सानीको तुलनामा अकबरेको बजार र मूल्य राम्रो रहेको बताउँदै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण लम्सालले कृषकका लागि आकर्षक आम्दानीको स्रोत बन्दै गएको सुनाए । आन्तरिक र बाहिरका बजारमा अकबरे खुर्सानीको माग बढ्दै गएको र मूल्यसमेत तुलनात्मक रूपमा राम्रो रहेकाले कृषकको जीवनस्तर सुधारमा सहयोग पुग्ने अपेक्षासहित कार्यक्रम अघि बढाइएको उनको भनाइ छ । अकबरे खुर्सानीको प्रयोग तरकारी, अचार तथा विभिन्न परिकारमा गरिन्छ । नेपाली खानाको स्वादमा यसको विशेष महत्व रहेको छ। बजारमा माग र मूल्य राम्रो भएकाले खुर्सानीको व्यावसायिक उत्पादनले कृषकलाई कृषि पेशामै टिकाइराख्न तथा वैकल्पिक आम्दानीको स्रोत सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अकबरे खुर्सानी आर्थिक दृष्टिले मात्र नभई पोषणका हिसाबले महत्वपूर्ण रहेको हेफर परियोजनाका कृषि संयोजक अनिश अर्यालले बताए। उनका अनुसार अकबरे खुर्सानीमा भिटामिन 'सी', 'ए' र 'ई' लगायतका पोषक तत्व पाइन्छ। खुर्सानीमा पाइने क्याप्साइसिन नामक तत्वले शरीरमा विभिन्न स्वास्थ्य लाभ पुऱ्याउन सक्ने भएकाले अकबरे खुर्सानीलाई केवल स्वाद बढाउने मसला मात्र नभई पोषणका दृष्टिले पनि उपयोगी बालीका रूपमा लिन सकिने उनको बुझाइ छ।

नगरपालिकाले खुर्सानी खेती विस्तारसँगै उत्पादनको गुणस्तर, रोग तथा कीरा व्यवस्थापन, मौसमजन्य जोखिम न्यूनीकरण र बजार सुनिश्चितता गर्नुपर्ने स्थानीय कृषकको माग रहेको छ। कृषकलाई प्राविधिक सेवा र बजारसँग जोड्न सके कार्यक्रम थप प्रभावकारी बन्ने नगरपालिकाले जनाएको छ । कृषि आधुनिकीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन र आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखेको नगरपालिकाले आगामी दिनमा सम्भावित नगदे बालीको व्यावसायिक उत्पादन विस्तार गर्ने जनाएको छ।

# तनहुँमा थप तीन शव फेला, पहिचानको प्रक्रिया अघि बढाइयो

**पोखरापत्र संवाददाता**
दमौली, १२ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि तनहुँका विभिन्न क्षेत्रमा खोज तथा उद्धारका क्रममा हालसम्म ३१ वटा शव फेला परेका छन् । प्रहरी टोलीले शुक्रबार देवघाट गाउँपालिका-५ स्थित त्रिशूली नदी किनारबाट तीन वटा शव फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि परिचालित प्रहरी टोलीले आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिकाका विभिन्न स्थानबाट शव फेला पारेको हो। भदौ १० गते नौ, र भदौ ११ गते १९ वटा शव फेला परेका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार तनहुँमा फेला परेका शवमध्ये आठ वटा प्रदेश अस्पताल दमौलीमा राखिएका छन् भने २३ वटा पोखरा पठाइएको छ । फेला परेका शवको पहिचानका लागि आवश्यक प्रक्रिया अघि बढाइसकिएको प्रनाउ घिमिरेले बताउनुभयो । बाढीका कारण हराइरहेका व्यक्तिको खोजी तथा उद्धार कार्य शनिबार सञ्चालन गरिने उहाँले बताउनुभयो । प्राधिकरणका अनुसार बाढीबाट ७३ जना घाइते भएका छन् । घाइतेमध्ये रसुवाका ४३, धादिङका तीन र नुवाकोटका २७ जना रहेका छन् ।

# बाढीपीडितलाई ३२ लाख सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, १२ भदौं

भोटेकोशी बाढीपीडितलाई तनहुँ जिल्लाका स्थानीय तहका कर्मचारीले रु ३२ लाख ८८ हजार ९१७ 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा दाखिला गरेका छन् ।

म्याग्द, ऋषिङ, व्यास र शुक्लागण्डकी नगरपालिकाका जनप्रतिनिध तथा कर्मचारीबाट जम्मा गरिएको रकम 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा दाखिला गरिएको ऋषिङ गाउँपालिकाका प्रवक्ता विजय दरैले बताउनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ साविक तित्याङ गा.वि.स. वडा नं. ४ निवासी भारतीय सेना १/३ जि.आर. का भू.पू. सैनिक नं. JC ६०७२१५ Y SUB MAJ HONY LT GANGA BAHADUR THAPA को पत्नी भिम कुमारी खत्रीको नेपाली ना.प्र.प. मा नाम थर भिम कुमारी खत्री, जन्म मिति २०१९/०१/०७ भएको र भारतीय पेन्सन डकुमेन्टमा पत्नीको नाम थर भिम कुमारी थापा र जन्म ई.सं. १९६१/११/३० भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, तित्याङ, बागलुङको च.नं. ५९, मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ साविक तित्याङ गा.वि.स. वडा नं. ४ निवासी भारतीय सेना १/३ जि.आर. का भू.पू. सैनिक नं. JC ६०७२१५ Y SUB MAJ HONY LT GANGA BAHADUR THAPA को नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर गंगा बहादुर खत्री र जन्म मिति वि.सं. २०१२/०५/१५ भएको र निजको भारतीय पेन्सन डकुमेन्टमा निजको नाम थर गंगा बहादुर थापा र जन्म ई.सं. १९५७/१०/२० भै फरक परेता पनि उल्लेखित दुई माम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, तित्याङ, बागलुङको च.नं. ६०, मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## विमा लेख हरायो

एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०८०/०१/०५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।

**नामः केज कायस्थ**

**विमा लेख नं.:** ६५१००००६३७५
६५१००००६३७६
६५१००००६३७७
६५१००००६३७८
६५१००००६३७९

**सम्पर्क : एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**फोनः ९८५६०२२९२०**

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# जनैपूर्णिमा: म्याग्दीका हिमाली तालतलैयामा धार्मिक मेला

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ भदौं

जनैपूर्णिमा पर्वका अवसरमा म्याग्दीका हिमाली क्षेत्रमा रहेका तालतलैयामा शुक्रबार धार्मिक मेला लागेका छन्।

अन्नपूर्ण गाउँपालिका-५ को खयरभारानी, वडा नं ७ को प्यारीबाराही, वडा नं ८ को नाङ्गीबाराही र रघुगङ्गा गाउँपालिका-८ मा रहेको रिखारमा मनोकाङ्क्षा पूरा हुने जनविश्वासका साथ हजारौँ भक्तजन करिब तीनको पैदलयात्रा गरेर यहाँ पुगेका हुन्।

समुन्द्रि सतहबाट चार हजार ६५० मिटर उचाइमा रहेको खयरभारानी ताल परिसरको थानमा पूजाआजाका लागि म्याग्दीका साथै पर्वत, बागलुङ र कास्कीबाट भक्तजन आएका खयरभारानी क्षेत्र संरक्षण समितिका संरक्षक राजु पुनले जानकारी दिनुभयो।

रघुगङ्गा-८ मा धौलागिरि हिमालको काखमा चार हजार ५०० मिटर उचाइमा अवस्थित रिखारमा पनि उल्लेख्य सङ्ख्यामा भक्तजन पुगेका रघुगङ्गा-८ का वडाध्यक्ष गमान छन्त्यालले जानकारी दिनुभयो। उहाँका अनुसार खयरभारानी र रिखार जान आउन नजिकको बस्तीबाट तीन दिन लाग्दछ।

अन्नपूर्णको नाङ्गीबाराही, रघुगङ्गा-२ को नौलीबाराही, अन्नपूर्ण-५ को कान्छि बाराहीमा पनि आज पूजाआजासहित मेला आयोजना भएको छ।

बाराही तालमा पूजाआजा र दर्शनका लागि पुग्ने भक्तजनले सन्तान, धनसम्पती, रोजगारीको वर माग्ने र पूरा भएमा भैंडाका साँड र बोकाको बली चढाउने चलन रहिआएको स्थानीय बताउँछन्। बराह, बाराही तथा भारानीका ताल र मन्दिरमा पूजाअर्चना गरी वर मागेमा मनोकामना पूरा हुने जनविश्वास छ।

# रसुवा बाढीमा लमजुङका १० जना सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ भदौं

रसुवा बाढीमा परी लमजुङका १० जना सम्पर्कविहीन भएका छन्। जिल्ला प्रहरी कार्यालय लमजुङका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीका अनुसार राइनास नगरपालिका-९ राइनासकोटका ३६ वर्षीय राजन थापा माथिल्लो हाइड्रोपावरको टिमुरे बेसक्याम्पमा काम गर्ने क्रममा सम्पर्कविहीन हुनुभएको हो। यस्तै मर्स्याङ्दी गाउँपालिका-९ ढाकगाउँका ३६ वर्षीय युवराज भण्डारी टिमुरेस्थित सशस्त्र प्रहरी बलको बेसक्याम्प (बिओपी) मा कार्यरत रहँदा सम्पर्कविहीन हुनुभएको छ।

यसैगरी दोर्दी गाउँपालिका-६ पैरेखोलाका ३५ वर्षीय रामकुमार तामाङ रसुवामा मजदुरी गर्ने क्रममा सम्पर्कविहीन हुनुभएको सूचना अधिकारी क्षेत्रीले बताउनुभयो। मर्स्याङ्दी गाउँपालिका-३ खोपडीका ३४ वर्षीया रमिला भण्डारी रसुवास्थित माथिल्लो त्रिशूली श्री 'ए' जलविद्युत् आयोजनामा सब-इञ्जिनियरका रूपमा कार्यरत रहँदा सम्पर्कविहीन हुनुभएको छ।

यस्तै बेँसीशहर नगरपालिका-११ कोलडाँडाका ४३ वर्षीया राधिका घर्ती र सोही वडाका ४५ वर्षीय झपटबहादुर घर्ती रसुवास्थित जलविद्युत् आयोजनामा खाना पकाउने काम गर्दै आउनुभएकामा बाढीपछि सम्पर्कविहीन हुनुभएको छ। बेँसीसहर नगरपालिका-११ चितीका २९ वर्षीय कुमार परियार रसुवाको एक होटलमा काम गर्दै आउनुभएकामा बाढीपछि सम्पर्कविहीन हुनुभएको सूचना अधिकारी क्षेत्रीले बताउनुभयो।

बेँसीसहर नगरपालिका-१ चितीका ३५ वर्षीय सुगम सिलवाल ट्रेकिङका लागि रसुवा पुग्नुभएको अवस्थामा बाढीमा परी सम्पर्कविहीन हुनुभएको छ।

राइनास नगरपालिका-६ की २६ वर्षीया अनुष्का पाण्डे चिलुवाल र उहाँका दुई वर्षीय छोरा आयुष चिलुवाल पनि रसुवाको बाढीपछि सम्पर्कविहीन हुनुभएको प्रहरीले जनाएको छ।

रसुवामा आएको बाढीपछि लमजुङबाट काम तथा अन्य प्रयोजनका लागि रसुवा पुगेका उनीहरू सम्पर्कविहीन भएको जानकारी प्राप्त भएको र उनीहरूको खोजी तथा अवस्थाबारे सम्बन्धित निकायसँग समन्वय भइरहेको सूचना अधिकारी क्षेत्रीले बताउनुभयो।

# पाँच दशकदेखि राधाकृष्ण मन्दिरमा जनै मन्त्र

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं



पोखरा महानगरपालिका-३२ स्थित राधाकृष्ण मन्दिरमा विगत पाँच दशकदेखि निरन्तर चल्दै आएको जनै मन्त्र गर्ने परम्पराले यस वर्ष पनि निरन्तरता पाएको छ।

जनैपूर्णिमाको अवसरमा गगनगौडा, मजुवा, लामेआहाललगायत आसपासका क्षेत्रबाट हजारौँ तागाधारी तथा भक्तजन मन्दिरमा पुगेर वैदिक विधिअनुसार जनै मन्त्र गराएका छन्। जनैपूर्णिमाका दिन बिहानैदेखि मन्दिर परिसरमा भक्तजनको चहलपहल बढेको थियो। बिहान करिब ५ बजेदेखि ९ बजेसम्म जनै, तागो, चामल, फलफूल तथा नगद दक्षिणासहित भक्तजनहरू मन्दिरमा पुगेका थिए। वैदिक विधिअनुसा छ। यस क्षेत्रमा जनै मन्त्र गराउने परम्पराले धार्मिक संस्कारसँगै स्थानीय सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई समेत जोड्दै आएको स्थानीयको भनाइ छ। विशेषगरी ज्वाइँ, भान्जा तथा पण्डितबाट रक्षा बन्धन बाँध्ने चलनसमेत यस क्षेत्रका समुदायमा रहेको छ।

जनै मन्त्र तथा धारणसँगै राधाकृष्ण मन्दिरमा भगवान् राधाकृष्णको विशेष पूजा-आराधना गरिएको थियो। मन्दिर परिसरमा आरती तथा भजन-कीर्तन समेत आयोजना गरिएको थियो। आरतीमा सहभागी भक्तजनहरूले भगवान् राधाकृष्णको दर्शन गर्दै सुख, शान्ति, समृद्धि र परिवारको मंगलमय जीवनको कामना गरेका थिए। जनैपूर्णिमा हिन्दू धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व हो। यसलाई रक्षाबन्धन, ऋषितर्पणी तथा क्वाँटी पूर्णिमाका रूपमा समेत मनाउने गरिन्छ। वैदिक परम्पराअनुसार यस दिन पुरानो जनै फेरेर नयाँ जनै धारण गरिन्छ। जनैलाई शुद्धता, अनुशासन, ज्ञान र धार्मिक जिम्मेवारीको प्रतीकका रूपमा लिइन्छ।

जनैपूर्णिमाका अवसरमा ऋषि, पितृ तथा देवताको स्मरण र पूजा गर्ने परम्परा पनि रहेको छ। दिदीबहिनीले दाजुभाइको हातमा रक्षाबन्धन बाँधेर आपसी माया, विश्वास र संरक्षणको सम्बन्धलाई थप प्रगाढ बनाउने चलन छ। नेपालका विभिन्न समुदायले यस पर्वलाई आ-आफ्नै मौलिक परम्पराअनुसार मनाउने गरेका छन्। नेवार समुदायमा गुन्हु पुन्ही, तराई क्षेत्रमा राखी वा रक्षाबन्धन तथा पहाडी क्षेत्रमा जनैपूर्णिमाका रूपमा यो पर्व मनाइन्छ।

त्यसैगरी जनैपूर्णिमामा क्वाँटी खाने परम्परा पनि रहेको छ। विभिन्न प्रकारका गेडागुडी मिसाएर बनाइने क्वाँटीलाई पौष्टिक परिकारका रूपमा लिइन्छ। वर्षायाममा शरीरलाई आवश्यक ऊर्जा र पोषण प्रदान गर्ने भएकाले क्वाँटीको विशेष महत्व रहेको मानिन्छ।

राधाकृष्ण मन्दिरमा पाँच दशकदेखि चल्दै आएको जनै मन्त्र गर्ने परम्पराले धार्मिक संस्कारको संरक्षणसँगै यो क्षेत्र गर्ग ऋषि र च्यावन ऋषिको क्षेत्र ज्ञान भुमिका स्थल भएकाले पनि नयाँ पुस्तालाई समेत मौलिक संस्कृति र परम्परासँग जोड्न महत्वपूर्ण भूमिका खेलेको छ। जनैपूर्णिमाको अवसरमा मन्दिरमा देखिएको भक्तजनको उल्लेख्य सहभागिता र आरती-भजनसहितको धार्मिक वातावरणले यस क्षेत्रको सांस्कृतिक पहिचानलाई समेत उजागर गरेको छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**पर्वत, कुश्मा**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा पर्वत जिल्ला पैयूँ गाउँपालिका वडा नं. ४ (साविक हुवास गा.वि.स. वडा नं. १) बस्ने भारतीय सैनिक नं. ५०४०६४९W Rank: H/NB/SUB BHAGWAN SING THAPA (नेपाली नागरिकता प्रमाणपत्रमा नामथर भगवान सिंह वि.क.) को श्रीमती गेममाया वि.क. को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गेममाया वि.क., जन्म मिति वि.सं. २०१५/१०/१० उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर Yam Kumari Thapa जन्म मिति १९६०-०७-२५ AD उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर जन्म मिति भएको व्यक्ती एउटै भएको भनी जिल्ला प्रहरी कार्यालय पर्वतको च.नं. २८७, मिति २०८३/०५/११ को प्रहरी मुचुल्का र पैयूँ गाउँपालिका ४ नं. वडा कार्यालय पर्वतको च.नं. १०१ मिति २०८३/०४/२५ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**

## श्री सैनिक आवासीय महाविद्यालय
## फूलबारी, पोखरा

### चमेना क्याण्टिन संचालनको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशित मिति २०८३/०५/१० गते)

१. यस महाबिद्यालयको लागि चमेना क्याण्टिन संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

| सि. नं. | सूचना नं. | विवरण | पेश गर्नुपर्ने दरभाउपत्र जमानत | फाराम दस्तुर ने.रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMV/ CANTEEN/ BKT/ 083/84/2 | चमेना क्यान्टिन | रु. ५०,०००।- | १०००।- | २०८३/०५/१६ गते सैनिक आवासिय महाविद्यालय पोखरा कार्यालय समयभित्र | २०८३/०५/१७ गते १२:०० बजेसम्म | २०८३/०५/१७ गते १३:०० बजे |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ। थप जानकारीको लागि श्री सैनिक आवासीय महाबिद्यालय, पोखरा फोन नंः ०६१-५७७७४६।
३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ।
४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ।
५. उल्लेख भएअनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन :
(क) बैंकको नामः हिमालयन बैंक लिमिटेड, पोखरा (ख) धरौटी खाता नं. ०१६२४९५८३००२४
(ग) खाता संचालकको नामः सैनिक आवासीय महाबिद्यालय, पोखरा।
६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ।

## कम्पनी खारेज सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०५/१३ गते

कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९-११-१७ मा दर्ता भएको प्रा.लि.नं.३०८२४१ को ईस्टर्न स्टोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड चन्द्रागिरी नगरपालिका-६, काठमाडौं, (प्यान नम्बर : ६१०४५८३२७) नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

# भोटेकोशीको भेलः बगायो बस्ती, बढायो सन्त्रास

**प्रगति ढकाल**
काठमाडौं, १२ भदौं/रासस

'तेता के के हुँदैछ, यता बाढी पसेर
फेरि हामी दुःखीकै खायो मुटु कलेजो
हामी भयौँ बेघरबार, हामी भयौँ बेघरबार
चरी लैजा समाचार, हामी भयौँ बेघरबार...'

गायक अञ्जान बाबुको स्वरमा गुन्जिएको यो गीत अहिले गीत मात्रै रहेन, रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी किनारमा बस्ने कैयौँ परिवारको पीडा बनेर गुन्जिएको छ । केही दिनअघिसम्म सुन्दर देखिएको बस्ती बगरमा परिणत भएका छन् । कतिको ज्यान गयो । कति बेपत्ता छन् त कति घाइते भए । कसैको घर छैन, कसैको खेत अनि कतिको व्यवसाय गयो ।



कतिपयले परिवारका आफ्ना मान्छे कहाँ छन् भन्ने खबरसमेत पाएका छैनन् । बुधबारको दिन आकाशबाट त्यस्तो ठूलो पानी परेको पनि थिएन । गाउँबस्तीमा बाढी आउला भन्ने कुनै सङ्केत नै भएन । बिहानीको समय दैनिक कामकाजमै मानिस व्यस्त थिए । कोही खाना खाँदै थिए, होला कोही स्कुल जाँदै थिए त कति अफिसको काममा व्यस्त हुन थालेका थिए । कोही खेतबारीको काम गरिरहेका थिए होलान् कति जना यात्रामा थिए । पत्तै नभई भोटेकोशी नदी एक्कासी उर्लिएर आयो । सामान्य अवस्थामा बगिरहेको नदीको आवाज एकाएक भयावह बन्यो । पानीसँगै ढुङ्गा, माटो, काठ र भग्नावशेष बगेर आए । रसुवाको माथिल्लो तटीय क्षेत्रको नदी आसपासका बस्तीमा रहेका मानिसलाई सम्हालिन र सोच्नसमेत समय मिलेन । वर्षौंको मेहनतले जोडेको सम्पत्ति केही मिनेटमै नदीको भेलमा मिसियो । नदी किनारमा रहेका सडक र पुलसमेत बाढीको बेगसँगै बगेर गए । अन्य ठूला भौतिक पूर्वाधार र यातायातका साधनलाई भेलले बगायो । रसुवाको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङका लागि भोटेकोशी बाढीले ल्याएको विपद्को त्यो क्षण अझै पनि सपना जस्तै लागिरहेको छ । यति ठूलो विपद्ले गाउँबस्तीलाई यसरी तहसनहस बनाउला भन्ने उहाँले कल्पनासम्म गर्नुभएको थिएन । "के-के भयो, भयो । अझै पनि अचम्म लागिरहेको छ । यस्तो महाविपद् आउला भनेर मैले कहिल्यै कल्पना गरेको थिइन । अहिले पनि यो सपना हो कि विपना जस्तो लागिरहन्छ", राससँगको टेलिफोन वार्तामा उहाँ भन्नुहुन्छ ।

बाढीले उजाडिएको बस्तीमा उद्धार तथा राहतका लागि स्थानीय तहको टोली परिचालन भइरहेको छ तर जहाँ हेर्‍यो, त्यहीँ पीडा छ । कतै भग्नावशेष, कतै आफन्तको खोजीमा रहेका परिवार, कतै घरबार गुमाएका मानिस । विपद् पछिको त्यो कोलाहल र मानवीय पीडा सम्झँदा अध्यक्ष तामाङको मन भारी छ । "बाढीले उजाडिएको बस्तीमा हामी उद्धारमा जुटिरहेका छौँ । यहाँको अवस्था र कोलाहल देख्नै सकिएको छैन । मन रोएको छ", भावुक स्वरमा उहाँले भन्नुभयो । अहिले गाउँपालिकाको पहिलो प्राथमिकता घाइतेको उद्धार तथा उपचार, बेपत्ताको खोजी र जीवित रहेकालाई तत्काल राहत उपलब्ध गराउनु रहेको उहाँको भनाइ छ । तामाङले यति ठूलो विपद्को सामना गर्न स्थानीय तहको आफ्नै स्रोत, साधन र जनशक्ति पर्याप्त नभएको गुनासो गर्नुहुन्छ । "घाइतेको उद्धार गर्ने, बेपत्ताको खोजी गर्ने र बाँचेकालाई राहत उपलब्ध गराउने काममै लागिरहेका छौँ । तर यति ठूलो विपद्को प्रतिकार्य गर्न स्थानीय तहसँग मात्रै पर्याप्त क्षमता हुँदैन रहेछ", अध्यक्ष तामाङ भन्नुहुन्छ, "यस्तो अवस्थामा सबै तहका सरकार, सुरक्षा निकाय र सहयोगी संस्थाको समन्वय झन् महत्वपूर्ण हुने रहेछ ।" फेरि पनि यस्तै विपद् दोहोरिने हो कि भन्ने सन्त्रास रहेको उहाँ बताउनुहुन्छ । भोटेकोशी बाढीको खबर सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल हुँदै एकाएक देशदेखि विदेशभर फैलियो । बाढीको भिडियो भाइरल बन्न थाले । भिडियोको दृश्यले सन्नाटा छायो । बाढी आएको देख्नेबित्तिकै मानिसहरू ज्यान जोगाउन दौडिएको देखिन्थ्यो । कोही बालबालिका बोकेर भागेका थिए । कोही वृद्ध आमाबुबालाई समातेर सुरक्षित स्थानतर्फ लाग्दै थिए । कतिलाई भाग्दाभाग्दै बगाएको देखिन्थ्यो । कतिले घरको छतमा आश्रय लिए, कसैले डाँडातिर भागेर ज्यान जोगाएको देखिन्थ्यो । एक वर्षअघि पनि रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको थियो । उक्त बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भएको छ । फेरि सो स्थानमा नै यस वर्ष झन् ठूलो बाढीले तहसनसस बनाएर गयो ।

**जलमापन केन्द्र बगाउँदा समस्या**

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविज्ञहरूलाई बुधबार बिहान अफिस आउनेबित्तिकै भोटेकोशीमा बाढी आएको भन्ने सूचनाले झस्कायो । खानी तथा भूगर्भ विभागबाट बिहान ८ बजेर ३७ मिनेट जाँदा चीनतर्फको हिमाली क्षेत्रमा ४.४ रेक्टर स्केलको भूकम्प गएको सूचना पनि आइसकेको थियो । त्यसको केही मिनेटपछि भोटेकोशी-स्याफ्रुबेंसी जलमापन केन्द्रलाई बाढीले बगाएपछि तथ्याङ्क आउन बन्द भयो । महाशाखाको बाढीविद् सरस्वती विष्टका अनुसार बिहान ८:४० बजे प्राप्त अन्तिम तथ्याङ्कअनुसार भोटेकोशी नदीको जलसतह १ दशमलव ६२ मिटर मात्रै देखिएको थियो । उक्त केन्द्रमा सतर्कता तह छ मिटर र खतरा तह सात मिटर निर्धारण गरिएको छ । बिहान ९:०० बजेतिर फेरि जिल्ला प्रशासन कार्यालय, रसुवा तथा बेत्रावतीमा रहेका जलमापन केन्द्रका कर्मचारीमार्फत जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रलाई भोटेकोशी नदीमा तिब्बततर्फबाट ठूलो बाढी प्रवेश गर्न लागेको सूचना पुग्यो । बाढी आएको जलमापन केन्द्रले सूचना नदेखाए पनि बाढीसम्बन्धी पूर्वसूचना सम्प्रेषण जतिसक्दो चाँडो सर्वसाधारणलाई पुर्‍याएर ज्यान जोगाउने काम भएको बताउनुहुन्छ विष्ट । "हामीले हेर्दा नदीको अवस्था सामान्य जस्तै देखिन्थ्यो तर त्यसको केहीबेरमै घटनाक्रमले अप्रत्यासित मोड लिएछ । अनि सूचना पाएलगत्तै सम्भावित जोखिममा रहेका बस्तीलाई खबर गर्ने काम सुरु भयो", उहाँ भन्नुहुन्छ, "अप्रत्यासित रुपमा आएको यो बाढीको पूर्वसूचना दिने समय नै कम भयो ।" विष्टका अनुसार उक्त दिन बिहान ९:१५ बजेतिर त्रिशूली नदीको तटीय क्षेत्र हुँदै मुग्लिनसम्मका बासिन्दालाई उच्च सतर्कता अपनाउँदै सुरक्षित स्थानमा जान आग्रह गरियो । रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी आसपासका बासिन्दालाई प्रारम्भिक पूर्वसूचना एसएमएसमार्फत पठाइएको उहाँको भनाइ छ । त्यसको एक मिनेटपछि, ९:१६ बजे, नेपाल टेलिकम र एनसेलमार्फत त्रिशूली नदीको तटीय क्षेत्र तथा मुग्लिनसम्मका नागरिकलाई फेरि सतर्क गराइएको विष्टले जानकारी दिनुभयो ।

**तटीय क्षेत्रका नागरिकलाई छ लाख ७९ हजार मोबाइल एसएमएस**

केन्द्रको बाढी पूर्वानुमान महाशाखाले भोटेकोशी तथा त्रिशूली नदीतटीय क्षेत्रका नागरिक बचाउन छ लाख ७९ हजार मोबाइल एसएमएस पठाएको जानकारी दिएको छ । केन्द्रका प्रवक्ता डा राजन भट्टराईले नेपाल टेलिकम र एनसेलमार्फत छ लाख ७९ हजार २९५ एसएमएस पठाएर भोटेकोशी तथा त्रिशूली नदीतटीय क्षेत्रका नागरिकलाई चरणबद्ध रूपमा सुरक्षित स्थानमा जान अनुरोध गरिएको जानकारी दिनुभयो । भोटेकोशी-त्रिशूलीमा आएको बाढीसम्बन्धी समयमै पुगेको पूर्वसूचनाका कारण धेरैको ज्यान जोगिएको बताउहुन्छ धादिङस्थित नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुङ्गाना । "उपल्लो तटीय क्षेत्रमा बाढी गएको खबर पाउनासाथ हामीले पूर्वसूचना सबैतिर सम्प्रेषण गर्‍यौँ । त्यसपछि धेरै मानिस अग्लो तथा सुरक्षित स्थानमा गएर ज्यान जोगाउन सफल भए", नगरप्रमुख ढुङ्गाना भन्नुहुन्छ ।

**नेपाल-चीन सीमा क्षेत्रमा हिम-चट्टान पहिरो जाँदा भोटेकोशी बाढी**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्याटेलाइट तस्बिरको विश्लेषणका आधारमा गरिएको प्रारम्भिक अध्ययनबाट नेपाल-चीन सीमा क्षेत्रमा हिम-चट्टान पहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीका अनुसार रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा गएको हिम-चट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको बताउनुभयो ।

"स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषण गर्दा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा हिम-चट्टान पहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ", प्राधिकरणका कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो । बाढीविद् विनोद पराजुलीले घटनाको कारणबारे थप स्पष्ट हुन सो क्षेत्रमा रहेका हिमताल, हिमनदी तथा समग्र हिम क्षेत्रको सूक्ष्म अध्ययन भइरहेको जानकारी दिनुभयो ।

**सतचालीस हिमतालको जोखिम कायमै**

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्नसक्ने बताएको छ । युएनडिपी र इसिमोडले संयुक्त रूपमा गरको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ । यी हिमताल जुनसुकै बेलामा पनि फुट्नसक्ने र नेपालले ठूलो धनजनको क्षति व्यहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । उक्त अध्ययनअनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ । तीमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन् जसले ठूलोमात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययनले देखाएको छ । प्रतिवेदनले जोखिममा रहेका हिमतालहरू फुट्दा नेपालले अर्बौंभन्दा बढी वित्तीय क्षति व्यहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि गर्नसक्ने उल्लेख गरेको छ । प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न पनि सुझाव दिएको छ ।

**विपद्का कारण पर्नसक्छ मानसिक स्वास्थ्यमा समस्या**

अचानक आएको बाढी, आफन्त गुमाउनु, घरबारविहीन हुनु वा मृत्युको मुखबाट जोगिनुजस्ता कारणले मानिसको मानसिक स्वास्थ्यमा गहिरो असर पार्नसक्ने मनोचिकित्सकहरु बताउँछन् । पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा वासुदेव कार्की भोटेकोशी बाढीजस्ता विपद्का कारण मानिसमा मनोवैज्ञानिक असर पर्नसक्ने बताउनुहुन्छ । "बाढीका कारण घरबारविहीन हुँदा, आफन्त गुमाउँदा, घाइते भएर बाँच्नुपर्दा र फेरि पनि विपद् दोहोरिने हो कि भन्ने त्रासले मानसिक स्वास्थ्यमा प्रभाव पर्नसक्छ", उहाँ भन्नुहुन्छ, "कसैमा सामान्य तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुनसक्छ ।"

डा कार्कीले विपद्पछि देखिनसक्ने प्रमुख मनोवैज्ञानिक समस्यामा चिन्ता (एन्जाइटी) र डिप्रेसनमा पर्नसक्ने र लामो समयसम्म तनावमा रहँदा निद्रामा समस्या हुने, डर र बेचैनी बढ्ने, दैनिक काममा रुचि घट्ने तथा निराशा बढ्ने हुनसक्ने बताउनुभयो । "त्यसैले भोटेकोशी विपद् पीडितका सम्भावित मानसिक स्वास्थ्य समस्या निराकरण कसरी गर्न सकिन्छ भनेर हामीले छलफल गरिरहेका छौँ । उहाँहरुलाई निःशुल्क रुपमा परामर्शको दिनेगरी निःशुल्क हटलाइन सेवा '१११५' को व्यवस्था गरेका छौँ ।"



विश्व शान्ति स्तूपाः पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दीकोटबाट देखिएको पोखराको विश्व शान्ति स्तूपा लगायत घना बस्ती । तस्बिरः राधिका कँडेल/ रासस

# मरुवा रोगका कारण ३५ प्रतिशतले चैते धानको उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
गोरखा, १२ भदौं

जिल्लाको प्रमुख खाद्यबाली चैते धानको उत्पादन यस वर्ष ३५ प्रतिशतले घटेको छ । मरुवा रोगका कारण यो वर्ष उत्पादन घटेको जिल्लास्थित कृषि विकास कार्यालयका कृषि प्रसार अधिकृत विवेक पौडेलले बताउनुभयो ।

गत वर्ष बाली भित्र्याउने बेला पानी परेको उल्लेख गर्दै उहाँले किसानले यसवर्ष सोही धान बीउका रूपमा प्रयोग गरेकाले धानमा मरुवा रोगको सङ्क्रमण बढेको जानकारी दिनुभयो । गुणस्तरीय धानको बीउ प्रयोग गर्दा मरुवा रोगको सङ्क्रमण कम हुने भन्दै उहाँले पानीमा भिजेको बीउ प्रयोग गरिएकाले समस्या देखिएको बताउनुभयो ।

कृषि प्रसार अधिकृत पौडेलका अनुसार आर्थिक वर्ष २०८१/८२ मा जिल्लाभर तीन हजार मेट्रिकटन चैते धान उत्पादन भएको थियो । यो वर्ष भने करिब एक हजार ५०० मेट्रिकटन उत्पादन भएको छ । "जिल्लाभर ७२५ हेक्टरमा चैते



धानखेती भएकामा पाँच हजार रोपनीमा मरुवा रोग लागेर पूर्ण रूपमा क्षति भयो, त्यसैले यो वर्ष उत्पादन घटेको हो", उहाँले भन्नुभयो । मरुवा रोगले चैते धान उत्पादन भएको क्षेत्रमा समेत १५ प्रतिशत क्षति गरेको कृषि प्रसार अधिकृत पौडेलको भनाइ छ । चैते धानमा मरुवा रोगको सङ्क्रमण देखिएपछि जिल्लाभर ९८ लाख बराबरको क्षति भएको जिल्लास्थित कृषि विकास कार्यालयका प्रमुख कुलप्रसाद तिवारीले जानकारी दिनुभयो । कार्यालयले गत आव २०८२/८३ मा रु ६७ लाख खर्च गरी चैते धान प्रवर्द्धन कार्यक्रमसमेत सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो ।

"जिल्लाभर ६७ हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भएको थियो", प्रमुख तिवारीले भन्नुभयो, "कार्यक्रम सञ्चालन गरेको क्षेत्रफलमध्ये ३० हेक्टरको धानमा मरुवा रोगले ५० प्रतिशतभन्दा बढी क्षति गरेको छ । बाँकीको २७ हेक्टरबाट ९४ मेट्रिकटन उत्पादन भएको छ ।" उहाँका अनुसार मरुवा रोगका कारण चैते धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत करिब १६० मेट्रिकटन धान उत्पादन भएको छ । यसका लागि कार्यालयले ८३० मिटर पक्की कुलो निर्माण गरेर सिँचाइ उपलब्ध गराएको थियो । साथै, किसानहरूलाई उन्नत बीउ, हाते ट्र्याक्टर, 'स्प्रेटङ्की', सिँचाइ मोटर, बोरा, त्रिपाल, कुटानीपिसानी उपकरणलगायत सामग्री उपलब्ध गराइएको कृषि विकास कार्यालय गोरखाले जनाएको छ । जिल्लाका गोरखा नगरपालिका, पालुङटार नगरपालिका, सहिदलखन गाउँपालिका र सिरानचोक गाउँपालिका आसपासका क्षेत्रमा चैते धानखेती हुने गरेको छ ।

# ३६ देशका ६२२ पर्यटक सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ भदौं

रसुवाको भोटेकोशीमा बुधबार गएको बाढीपछि ७४३ जना पर्यटक सम्पर्कविहीन भएकामध्ये हालसम्म १२१ को उद्धार गरिएको छ । अझै ६२२ पर्यटक सम्पर्कविहिन रहेका नेपाल पर्यटन बोर्डले जनाएको छ ।

पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएका ६२२ पर्यटक अझै सम्पर्कविहिन भएका जानकारी दिनुभयो । उहाँका अनुसार नेपालका १४९, भारतका ९८, अमेरिकाका ६५, युक्रेनका ६१, मलेसियाका ५१, चीनका आठ जना तथा अष्ट्रेलिया, बेलायत, क्यानडा, लाटभियालगायत ३६ देशका पर्यटकसहित ६२२ जना सम्पर्कविहीन भएका हुन् ।


प्रमुख कार्यकारी अधिकृत ऐरले भारतका ८५, चीनका १६, दक्षिण कोरियाका नौ, अमेरिका, रुसका र इटालीका दुई/दुई तथा बेल्जियम, पोर्चुगल, स्पेन, बुल्गेरिया र स्वीजरल्याण्डका एक/एक जनाको उद्धार गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटनसम्बन्धी सरोकार भएका निकायले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धार कार्यलाई तीव्रता दिएका छन् ।


## विमा लेख हरायो

**एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा २०८०/०१/०५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नामः किशोर गोदार**
**विमा लेख नं.: ६५११०००६६३३**
**सम्पर्क : एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**फोनः ९८५६०२६४००**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं १० निवासी भारतीय भु.पु. सैनिक नं जे.सी. २२४३२०x सुबेदार नन्द बहादुर गुरुङको श्रीमती ना.प्र.मा जन्म मिति २००८/०६/१६ (ई.सं. ०२/१०/१९५१) भएको तर सैनिक अभिलेखमा जन्म मिति २०१०/१२/०१ (ई.सं. १४/०३/१९५४) भई फरक परेकोले फरक फरक जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ३३ मिति २०८३/०४/१४ को पत्रवाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**